# जिल्ला समन्वय समितिको कार्यालय

कपिलवस्तु, तौलिहवा

फोन नं ०७६-५६००७२
ईमेल- dcckpl7@gmail.com

प.सं. : २०८२।०८३
च.नं. : ०४

मिति-२०८२।०४।०५

**विषय : स्वत:प्रकाशन सम्बन्धमा ।**

श्री राष्ट्रिय सूचना आयोग,
उद्योग परिसर, त्रिपुरेश्वर, काठमाडौं ।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम यस कार्यालयबाट २०८२ बैशाख १ देखि २०८२ असार मसान्त सम्म सम्पादन भएका कार्यहरुको विवरण प्रकाशन गरी सो को एक प्रति यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी
**जनार्दन अधिकारी**
जिल्ला समन्वय अधिकारी

बोधार्थ :
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय कपिलवस्तु तौलिहवा ।
श्री जिल्ला हुलाक कार्यालय कपिलवस्तु तौलिहवा ।

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तु

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## स्वत:प्रकाशन गर्नुपर्ने विवरणहरु

## (Proactive Disclours)

२०८२ वैशाख १ देखि ०८२ असार मसान्त सम्मको चौथो त्रैमासिक विवरण




जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु

मिति २०८२।०४।०१

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

## स्वत:प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । सूचनाको हकलाई संविधानले नै मौलिक हकको रुपमा प्रत्याभुत गरे अनुरुप यस जिल्ला समन्वय समितीको कार्यालय कपिलवस्तुबाट हुने कार्यसम्पादनलाई लोकतान्त्रिक पद्धति अनुरुप खुला तथा पारदर्शी बनाई सार्वजनिक महत्वको सूचनामा आम नागरिहरुको पहुँचलाई सरल र सहज बनाउनु हाम्रो दायित्व हो । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclours) गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु द्वारा आ.व.२०८१/०८२ को चौथो त्रैमासिक (२०८२ वैशाख जेठ र असार महिनामा) सम्पादित कामको मूख्य-मूख्य विवरण प्रस्तुत गरिएको छ ।

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कपिलवस्तु

## विषयसूची

१. जि.स.स.को स्वरुप र प्रकृति

२. जि.स.स.को काम कर्तव्य र अधिकार

३. जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण

४. जि.स.स. बाट प्रदान गरिने सेवा

५. जि.स.स.को शाखा र जिम्मेवार अधिकारी

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन नियम विनियम वा निर्देशिकाको सूची

१२. आम्दनी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु

## १. जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तुको स्वरुप र प्रकृति

नेपालको संविधानको धारा २२०( १) मा भएको व्यवस्था बमोजिम प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय रहने भन्ने व्यवस्था भएबमोजिम जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तुको स्थापना भएको हो । प्रत्येक जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहने व्यवस्था भएकोमा एक सदस्यको मृत्यु भएकोले हाल ८ सदस्यीय समिती रहेको छ । कपिलवस्तु जिल्ला समन्वय समितिको बैठक मासिक र आवश्यकता अनुसार बस्ने गरेको छ । केन्द्र सरकारवाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी ( रा.प.द्धि श्रेणी ) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवातर्फका कर्मचारीहरु कार्यरत रहेका छन । यस समितिले नेपालको संविधानका साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ ले निर्दिष्ट गरेका कार्यहरु गर्दै आएको छ ।

## २. जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तुको काम, कर्तव्य र अधिकार

देहाय बमोजिमका कार्यहरु यस समितिको कार्यक्षेत्र भित्र पर्दछन

क. <u>नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु</u>

. जिल्ला भित्रका गांउपालिका र नगरपालिका बीच समन्वय गर्ने

. विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमनको कार्य गर्ने

. जिल्लामा रहने संघीय र प्रदेश कार्यालय तथा गांउपालिका र नगरपालिकावीच समन्वय गर्ने

. प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने

ख. <u>स्थानीय सरकार संचालन ऐन, २०७४ तथा लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको जिल्ला सभा र जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन,२०७५ बमोजिमका कार्यहरु:-</u>

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ मा जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ ।

. जिल्लाभित्र गांउपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने

. जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रवाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्ने आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।

. जिल्लाभित्र गांउपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घ संग समन्वय गर्ने

. जिल्लामा रहने संघीय र प्रदेश कार्यालय तथा गांउपालिका र नगरपालिकावीच समन्वय गर्ने

. जिल्लाभित्र गांउपालिका वा नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने

. जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने

. जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने ।

. जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान तथा अनुगमन गरी निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय स्थानीयतह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्वन्धित गांउपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

. आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी बिषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक बर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने ।

. जिल्ला भित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि बर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लावाट संघीय सांसद र प्रदेश सभाका प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।
- जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ ।

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

३. जि.स.स पदाधिकारी / कर्मचारी दरवन्दी / कर्मचारी सख्या र कार्य विवरण

क जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तुका पदाधिकारीहरुको विवरण

| सि.न. | पदाधिकारीको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बाबुराम आचार्य | प्रमुख | ९८५७०५०८०२ | |
| २ | श्री रमेश कुर्मी | उप प्रमुख | ९८२१४६५१२१ | |
| ३ | श्री राजेन्द्र प्रसाद कुर्मी | सदस्य | ९८०७४१११४७ | ०८०।०४।१० मा मृत्यु |
| ४ | श्री सुनिता चमार | सदस्य | ९८२१५९०२७० | |
| ५ | श्री रामु अहिर | सदस्य | ९८२१५७१५९० | |
| ६ | श्री सध्या पौडेल खान | सदस्य | ९८१७४२००४२ | |
| ७ | श्री सुमित्रा दमई | सदस्य | ९८४७४२७३९६ | |
| ८ | श्री शकुन्तला भण्डारी | सदस्य | ९८६७१३६२३७ | |
| ९ | श्री मनब्वर धुनिया | सदस्य | ९८०४४६४८७७ | |

ख• दरवन्दी विवरण

| सि.न. | पद | श्रेणी | दरवन्दी अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरवन्दी | पूर्ति | रीक्त | |
| १ | जिल्ला समन्वय अधिकारी | रा•प•द्धितिय | १ | १ | | |
| २ | शाखा अधिकृत | रा•प•तृतिय | १ | ० | १ | |
| ३ | इन्जिनियर | रा•प•तृतिय | १ | १ | | |
| ४ | ना•सु | रा•प•अन प्रथम | १ | १ | | |
| ५ | लेखापाल | रा•प•अन प्रथम | १ | १ | | |
| ६ | सव- इन्जिनियर | रा•प•अन प्रथम | १ | ० | १ | |
| ७ | ना.सु | रा.प.अन प्रथम | १ | १ | | प्रमुखको निजि सचिवालयमा करार पूर्ति गरिएको । |
| ८ | खरिदार | रा•प•अन द्धितिय | १ | १ | | |
| ९ | कार्यालय सहयेगी | श्रेणी बिहिन | ३ | २ | १ | करार पूर्ति |
| १० | ह•स•चा | श्रेणी बिहिन | २ | ० | २ | करार पूर्ति |

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

ग॰ जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरण

| सि.न. | कर्मचारीको नाम | पद/श्रेणी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री जनार्दन अधिकारी | जिल्ला समन्वय अधिकारी | ९८५७०७८२२२ |
| ३ | श्री आरती भट्ट | ईन्जिनियर | ९८४०३५३६७१ |
| ५ | श्री जटाशंकर पाण्डेय | लेखापाल | ९८६९४५०००५ |
| ६ | श्री सुरेन्द्र प्रसाद बेलवासे | ना.सु | ९८५७०४५६६८ |
| ७ | श्री नर्मदा पाण्डे | खरीदार | ९८५७०५७४२७ |
| ८ | श्री खुमानन्द खनाल | का.स. | ९८४७२८८०६३ |
| ९ | श्री मोहनलाल आचार्य | का.स. | ९८४७२०४५४९ |

घ॰ जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.न. | कर्मचारीकोको नाम | पद/श्रेणी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री रिखिराम घिमिरे | ह.स.चा. | ९८६७१७७३७९ |
| २ | श्री हरीनारायण यादव | ह.स.चा. | ९८६७३२५१९६ |
| ३ | श्री दिपक डफाली | का.स. | ९८२७५९७११७ |

## ४. जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तुवाट प्रदान गरिने सेवाहरु

नेपालको संविधान स्थानीय सरकार संञ्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानून बमोजिमका सबै सेवाहरु ।

**क • समन्वय र सहकार्य**

- संघिय एव प्रदेश सरकारको पत्र,परीपत्र अनुसार बिभिन्न निकायको बैठकका लागि सहजीकरणका साथै संघ/प्रदेशबाट माग भएको बिवरंण पठाउन पालिकामा अनुरोध तथा समन्वय ।
- जिल्ला स्थित सरकारी कार्यालय एवम पालिकाहरु बिच समन्वय बैठक ।
- पालिकाहरुबाट लगाइने नदीजन्य पदार्थ ठेक्का सम्बन्धमा समन्वय ।
- पालिकाको माग बमोजिम बिभिन्न निकायमा सिफारिस ।
- बिभिन्न निकायहरुको बैठकका लागि सहजीकरण तथा सहभागिता ।
- जिल्ला स्थित कार्यालय एव पालिकाहरुके बार्षिक कार्यक्रमको प्रगति एव समिक्षा बैठक
- जिल्ला समन्वय समिति मौज्दात कोष तर्फ जि.स.स तथा पालिकाको लागत साझेदारीका योजना स्वीकृत ।

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कपिलवस्तु

- जिल्ला सभा ।

**ख॰ अनुगमन**

- पालिकाहरुबाट लगाइएको नदीजन्य पदार्थ ठेक्काको अनुगमन गरी अनियिमत संकलन ओसारपसार भएको पाइएमा कानुन बमोजिम कारवाहीका लागि जिल्ला अनुगमन सिमतिमा पेश गर्ने / अनियमित ओसारपसार मागरीरहेको अवस्थामा नियन्त्रणमा लिइ कारवाहीका लागि जिल्ला अनुगमन समितिको निर्णयानुसार सबन्धित पालिकामा पठाउने कार्य ।
- संस्थाको अनुरोध बमोजिम बिभिन्न निकायहरुको बैठकका लागि सहजीकरण / तथा संस्थाको कृर्याकलापको अनुगमन ।
- जिल्ला समन्वय समिति मौज्दात कोष अन्तरगतका योजना अनुगमन ।

## ५ . जिल्ला समन्वय समितिको शाखा र जिम्मेवार अधिकारी

| सि.न. | शाखाको नाम | | जिम्मेवार अधिकारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अनुगमन मुल्याङ्कन तथा सूचना शाखा | | श्री आरती भट्ट | ९८४०३५३६७१ |
| २ | ब्यवस्थापन शाखा | प्रशासन | श्री सुरेन्द्र प्रसाद बेलवासे<br>श्री नर्मदा पाण्डे | ९८५७०४५६६८<br>९८५७०५७४२७ |
| | | लेखा | श्री जटाशंकर पाण्डेय | ९८६९४५०००५ |
| | | जिन्सी | श्री सुरेन्द्र प्रसाद बेलवासे | ९८५७०४५६६८ |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि-

- निशुल्क रुपमा यथाशिघ्र सेवा उपलब्ध हुन्छ ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकार

सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ लगायतका अन्य प्रचलित कानून बमोजिम हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

* कार्यालयको दैनिक कामकाज सम्बन्धमा भएको निर्णय सम्बन्धी उजुरी - जिल्ला समन्वय अधिकारी

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

• जिल्ला समन्वय अधिकारीको निर्णय सम्बन्धी उजुरी - जि.स.स. प्रमुख

## ९. सम्पादन गरेका कामको विवरण

मिति २०८२ वैशाख १ गतेदेखि मिति २०८२ असार मसान्तसमम्को त्रैमासिक अवधिमा यस कार्यालयबाट सम्पादित कामको विवरण देहायबमोजिम रहेको छ ।

- जिल्ला समन्वय समितिको नियमित बोर्ड बैठकहरु सम्पन्न गरिएको ।
- नदिजन्य पदार्थको उत्खनन् संकलन बिक्रीबितरण प्रकृयाको जिल्ला अनुगमन समितिको बैठक सम्पन्न गरीएको ।
- जिल्ला समन्वय समितिले जिल्ला भित्र संचालित विकास निर्माणका कृयाकलापको अनुगमन गर्ने क्रममा जिल्ला समन्वय समिति मौज्दात कोष तर्फ सञ्चालित योजनाको अनुगमन गरीएको ।
- मिति २०८२।०२।१८ मा जिल्ला स्थित सम्पूर्ण स्थानिय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक प्रगति समिक्षा गरीएको र विभिन्न मितिमा केहि स्थानिय तहमा अनुगमन समेत गरिएको ।
- कपिलवस्तु जिल्ला स्थित सबै स्थानिय तहका सामाजिक शाखा अन्तर्गत महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्ग भएका नागरिक समेतको क्षेत्रमा भएगरेका कामहरुको अनुगमन गरिएको।
- यस आर्थिक वर्ष २०८१।८२ मा नदिजन्य पदार्थको ठेक्का लागेका नदिजन्य पदार्थको घाटगद्दीस्थलको अनुगमन तथा सहजिकरण गरीएको ।
- कपिलवस्तु जिल्ला स्थित विकास निर्माणसंग सम्बन्धित कार्यालयहरुसंग छलफल, बैठक तथा विभिन्न विषयहरुमा सहजीकरण गरिएको ।
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सन्दर्भमा स्वास्थ्य कार्यालयको समन्वयमा जिल्ला स्थित सबै स्थानिय तहको अनुगमन गरिएको ।
- पूर्ण संस्थागत प्रसुति पालिका घोषणा र दिगोपना घोषणा तथा जन्क फूड निशेधित विद्यालय घोषणा गर्ने सन्दर्भमा प्रत्येक पालिकाको एक-एक वटा विद्यालयको स्वास्थ्य कार्यालयको समन्वयमा अनुगमन गरीएको ।
- पोषण मैत्री एवम् वातावरण मैत्री वडा घोषणा गर्ने क्रममा बाणगंगा नगरपालिका वडा नं. २ को अनुगमन एवम् सिफारीस समेत गरीएको ।
- शिवराज नगरपालिका वडा नं. २ बालमैत्री स्थानिय शासन वडा घोषणा कार्यक्रमको सन्दर्भमा वडा अनुगमन गरीएको ।
- जिल्ला स्थित संघिय एवम् प्रदेश कार्यालयबाट गरीएको कार्यको अनुगमन गर्ने सन्दर्भमा सडक डिभिजन कार्यालय शिवपूर, सडक पूर्वाधार विकास कार्यालय, सामाजिक विकास

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

डिभिजन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाणगंगा सिंचाइ आयोजना डिभिजन कार्यालय, जलस्रोत तथा सिंचाइ विकास कार्यालय, नेपाल खानेपानी संस्थान द्वारा सम्पादित केहि कार्यक्रमहरुको तत् तत् निकायको संयोजनमा अनुगमन गरीएको ।

- त्यसैगरी जिल्ला स्थित परियोजना कार्यान्वयन इकाई (कृषि जोन), कृषि ज्ञान केन्द्र, भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डिभिजन वन कार्यालय तौलिहवाका साथै गै.स.सहरु समेतमा संयुक्त अनुगमनमा सहभागिता गरिएको ।
- यसै कार्यालय परीसर भित्रका विधुत वायरीङ मर्मत तथा अन्डर ग्राउन्ड गर्ने काम र कार्यालयको अन्य सामान्य मर्मत कार्य सम्पन्न गरिएको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

. कार्यालय प्रमूख : जिल्ला समन्वय अधिकारी श्री जनार्दन अधिकारी

. सूचना अधिकारी : इन्जिनियर श्री आरती भट्ट

## ११.ऐन नियम विनियम वा निर्देशिकाको सूची

. नेपालको संविधान

. स्थानीय सरकार संञ्चालन ऐन, २०७४

. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४

. आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७

. गांउ/नगरसभा कार्य संचालन कार्यविधी २०७६ लुम्विनी प्रदेश

. जिल्ला सभा तथा जि.स.स. सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन, २०७६ लुम्विनी प्रदेश

. वातावरण संरक्षण ऐन, २०७६ नियमावली ०७७ संघीय सरकार

. वातावरण संरक्षण ऐन, २०७७ नियमावली २०७७ लुम्विनी प्रदेश

. स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७७ नेपाल सरकार

. ढुंगा गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड ०७७ नेपाल सरकार

. नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ लुम्विनी प्रदेश

. संघ प्रदेश र स्थानीय तह वीच अन्तरसम्वन्ध सम्बन्धी ऐन, २०७७

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु

## १२. आम्दनी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण आ.व ०८१/०८२

| सि.न. | विवरण/ब उ शि नं. | प्राप्त रकम | वजेट थप | असार मसान्त सम्म खर्च भएको रकम | वांकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३६५००१०५३ | १५०१३०००।०० | १०००००।०० | १४०१३१२३।२३ | १०९९८७६।७७ | |
| २ | ३६५००१०६३ | १०००००।०० | | ९२१५०।०० | ७८५०।०० | |

**कार्य संचालन कोष तथा धरौटी तर्फ**

| सि.न. | विवरण/ब उ शि नं. | गत आ वको वांकी रकम | यसवर्ष प्राप्त रकम | असार मसान्त सम्म खर्च भएको रकम | वांकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मौजदात कोष ,भारतीय दुतावास तर्फ र अन्य विभिन्न कोष तर्फ | १८०१२८५७९।५६ | ५८२१६५४।०० | १९२२७७७९।६२ | १६६७२२४५३।९४ | वांकी रकम दायित्व श्रृजना भएको समेत |
| २ | जि.स.स को धरौटी | ७९२३३९५।१० | २३०६५।०० | २०८४३३।०० | ७७३८०२७।१० | |

**प्रदेश तर्फ (कार्य संचालन कोष समेत)**

| सि.न. | विवरण/ब उ शि नं. | गत आ व को वांकी रकम | यसवर्ष प्राप्त रकम | असार मसान्त सम्म खर्च भएको रकम | वांकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३०१०००११३ | ००.०० | ५०००००।०० | ४१८९३४।०० | ८१०६६।०० | |
| २ | विविध (अनुगमन) | १७५१००।०० | ००.०० | ००.०० | १७५१००।०० | |

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

## १३. तोकिए बमोजिम अन्य विवरण

- संघीय सरकार र प्रदेश सरंकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।
- जिल्ला दररेट निर्धारण समिति, भूमि सम्बन्धी समाधान आयोग जिल्ला समिति, विपद व्यवस्थापन समिति, जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगायतका समितिमा तोकिए बमोजिम जि.स.स.को प्रतिनिधित्व गर्ने गरेको ।

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी